यस अघि विद्यालय , समुदायमा , जिल्ला बाल कल्याण समितिमा नाम दर्ता भएका बाल बालक समुदायमा यसै निर्देशिका बमोजिम पुन दर्ता अभिलेखन गरिनेछ साथ आवश्यक [illegible] गरिनेछ ।

रहनेछ र यस्तो पदमा अर्को व्यक्ति मनोनयन हुन सक्नेछ। बाल समुहमा १ व्यक्ति १ पदको सिद्धान्त लागु गरिनेछ।

## १०. कार्यसमितिको बैठक :

१०.१ अध्यक्षको सल्लाह अनुसार सचिवले कार्यसमितिको बैठक बोलाउनेछ।

१०.२ कार्यसमितिको बैठक कम्तिमा नियमित रुपमा महिनामा एक पटक बस्नेछ।

१०.३ कार्यसमितिका पदाधिकारीहरु बैठकमा तीनपटक भन्दा बढी नियमित रुपमा विना सूचना अनुपस्थित भएको खण्डमा पद स्वत: खारेज हुनेछ। त्यस्तो रिक्त पदका लागी सल्लाहकार तथा संरक्षकको परामर्शमा कार्यसमितिले बाँकी सदस्यहरु मध्येबाट पुन: मनोनयन गर्न सक्नेछ।

१०.४ सचिवको अनुपस्थितिमा अध्यक्ष आफैले वा सहसचिव मार्फत बैठक बोलाउन सक्नेछन्।

## ११. पदाधिकारीको काम कर्तव्य र अधिकार :

### ११.१ अध्यक्ष :

क) बालक्लव/समुहको बैठक बोलाउन सचिवलाई निर्देशन दिने र बैठकको अध्यक्षता गर्ने।

ख) बालक्लव/समुहको हितको लागी गर्नुपर्ने कर्तव्यको प्रमुख दायित्व वहन गर्ने।

ग) मत बराबर भएमा निर्णायक मत दिने।

घ) बालक्लव/समुहको उद्देश्य पुरा गर्न अन्य आवश्यक कामहरु गर्ने।

ङ) कार्यसमिति, अभिभावक, समुदाय, गाउँपालिकाका अन्य सरकारी तथा गैरसरकारी सघं संस्था विच समन्वय कर्ताको भुमिका निर्वाह गर्ने।

च) कुनै क्षेत्रका कार्यक्रममा जानका लागी आफ्नो कार्यसमितिको बैठक बस्न नसक्ने अवस्थामा पछि समर्थन जुटाउने कार्य बालक्लवका प्रतिनिधि चयन गर्ने।

### ११.२ उपाध्यक्ष :

क) अध्यक्षको अनुपस्थितिमा निजले गरी अएका सम्पुर्ण कार्यहरु गर्ने।



CamScanner

**जिल्ला स्तरिय बाल संजाल :**

जिल्ला भर भएका बाल क्लबहरुको समन्वय तथा जिल्ला स्तरिय बालक्लब सञ्जाल गठन एव् सरोकार निकायहरुमा बाल सहभागिता सुनिश्चित गर्न जिल्ला स्तरमा सबै खाले वर्ग, समुदाय र परिस्थितिका बालबालिकाको समावेशी सहभागिता सहितको ११ देखि २१ सदस्यीय जिल्ला स्तरिय बाल संजाल रहने छ। जिल्ला बाल संजालको पदावधि दुई वर्षको रहने छ। यस कार्यमा स्थानीय निकायले बालक्लवहरुलाई आवश्यक सहजीकरण गर्नेछ।

**जिल्ला बाल संजालका मुख्य काम कर्तव्य र अधिकार :**

- गाउँपालिका वा जिल्ला समन्वय समिति बाल बालबालिकाको क्षेत्रमा कार्यरत सरकारी तथा गैह्सरकारी संस्थाहरुको सहयोगमा प्रत्येक वर्ष वार्षिक बालभेला आयोजना गर्ने।
- जिल्ला भर भएका बालसमूहहरुको समन्वय र नेटवर्किङ गर्दै बालअधिकारको प्रवर्द्धनको सवालममा जिल्ला तहमा सक्रिय रहने।
- बालअधिकार प्रवर्द्धनका निम्ति अन्य कार्यहरु गर्ने।

**१३. संरक्षक :**

संरक्षक भन्नाले गाउँपालिकाको प्रमुख वा वडा अध्यक्ष विद्यालयका प्र.अ./शिक्षक वा गाउँपालिकाले तोकेको व्यक्ति वा सम्बन्धि ऐन कानुनले तोकेको व्यक्तिलाई जनाउने छ। संरक्षकले आवश्यकता अनुसार बालबालिकाको उच्चतम हितलाई ध्यानमा राखी सल्लाह सुझाव एव् अन्य आवश्यक सहयोग गर्नु पर्नेछ।

**१४. कोषको व्यवस्था :**

क) साधारण सदस्य प्रवेश शुल्क एव् मासिक /वार्षिक सदस्यता शुल्क वाफ्त प्राप्त रकम।

ख) स्थानीय निकायको पूर्व स्वीकृति लिई विदेशी दातृ संस्थाबाट प्राप्त सहयोग रकम।

घ) अन्य विभिन्न स्रोतबाट प्राप्त रकम।

ख) बालक्लवको हितका लागी सधै प्रयत्नशिल रहने ।

ग) बैठकमा उपस्थित भई आफ्नो अभिव्यक्ति प्रस्तुत गर्ने ।

घ) कार्य समितिले तोकेको अन्य कार्यहरु गर्ने ।

**१२. नेटवर्क (मञ्च/संजाल) :**

गाउँपालिका स्तरिय बाल संजाल

नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनिति,२०६८तथा कार्यान्वयन कार्यविधि ,२०६८ को भावना बमोजिम बार्षिक रुपमा विभिन्न विद्यालय, समुदाय र कार्यक्षेत्रमा रहेका बालक्लव/समुहहरु बीच आवश्यक समन्वय र सहकार्यको अवस्था सुनिश्चित गर्दै बालक्लव परिचालनमा सहयोग पुऱ्याउन साथै गाउँपालिका स्तरिय बालसरोकारका विषयहरुमा बालसहभागिता सुनिश्चित गर्ने उद्देश्यले प्रत्येक गाउँपालिकाले बालक्लव /समुहहरु विच गाउँपालिका स्तरिय भेला सञ्चालन गरी बालबालिकाको समावेशी सहभागितामा ७ देखि २१ सदस्यीय गाउँपालिका स्तरिय बालसंजाल गठन एव् परिचालन सम्बन्धि व्यवस्थाको सुन्चितता गर्ने प्रमुख भुमिका खेल्न सक्नेछ । सो कार्यमा स्थानीय तहहरुलाई आवश्यक सहयोग गर्नु बालबालिकाको हक अधिकारको क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संस्थाको दायित्व हुनेछ । गाउँपालिका स्तरिय बाल संजाल गठन तथा अन्य व्यवस्था सम्बन्धित गाउँपालिकाले गर्नेछ । गाउँपालिका स्तरिय बाल मञ्च संजालका पदाधिकारीको पदावधि १ वर्षको रहनेछ ।

**गाउँपालिका स्तरिय बाल संजालका काम कर्तव्य र अधिकारहरु :**

- बाल अधिकार प्रवर्द्धन र सामाजिक रुपान्तरणको निम्ति क्रियाशिल रहने ।
- बाल सरोकारका विषयहरुमा गाउँपालिकासँग वकालती गर्ने ।
- वार्षिक कार्ययोजना तयार गरि सम्बन्धित गाउँपालिका स्तरिय सरोकारवाला निकायहरुलाई बालबालिकाको तर्फबाट राय उप्लब्ध गराउने ।
- आफ्नो गाउँपालिका अर्न्तगत रहेको बाल क्लवको विवरण तयार पार्ने, सहजीकरण गर्ने तथा समुहहरुको आवश्यकता अनुसार अनुगमन एवम् सुपरिवेक्षण गर्ने ।
- जिल्ला तहका सरोकारवाला निकाय र गाउँपालिका अर्न्तगत रहेको बाल क्लवहरु विच पुलको रुपमा कार्य गर्ने ।



CamScanner

बाल क्लव/समुहलाई जुन तरिका सहज हुन्छ । सोही अपनाउन सक्नेछ । यस कार्यमा स्थानीय निकायले आवश्यक सहजीकरण गर्नेछ ।

**१७. बाल क्लव/समुहको छाप, लोगो तथा लेटरप्याड :**

- बालक्लवको लोगो गोलो घेराभित्र सम्बन्धित बालक्लवको नाम र ठेगाना स्थापना मिति साथै त्यसको विचमा आवश्यकता अनुसार बालबालिका विद्यालय पुस्तकको नमुना राख्न सकिने छ वा गाउँपालिकाले तोके बमोजिम हुनेछ ।
- प्रत्येक बालक्लवले आफ्नो लोगो अनुसारको छाप बनाउन सक्नेछन् ।
- प्रत्येक बालक्लवले आफ्नो लोगो उल्लेख गरी क्लवको लेटरहेड तयार गरी प्रयोग गर्न सक्नेछन् ।
- प्रत्येक बालक्लवले आफ्नो लोगो उल्लेख गरिएको परिचय पत्र तयार गरी प्रयोगमा ल्याउन सकिनेछन् । परिचय पत्र संरक्षक /संरक्षकद्वारा प्रमाणित गरिएको हुनु पर्नेछ ।
- परिचय पत्रको म्याद तोकिएको समय अवधि सम्म क्रियाशिल रहनेछ ।

**१८.सल्लाहकार समिति :**

प्रत्येक बालक्लव/संजालको निम्ति सुझाव दिनका लागी तीन देखि पाँच सदस्यीय सल्लाहकार समिति गठन गरिनेछ । सो समितिमा बालबालिकाहरु ३ जना र अन्य २ जना बालबालिकाको क्षेत्रमा काम गरेका उल्लेखनीय व्यक्ति वा सम्बन्धित बाल क्लवको सहजकर्ता मध्येबाट मनोनयन गरिनेछ । बालक्लव/समुहका पूर्व अध्यक्षहरु सल्लाकार समितिमा रहन सक्नेछन् ।

**१९.बालक्लव/समुहको विघटन :**

कुनै कारणवश बाल क्लव/समुह संचालन हुन नसकी विघटित भएमा विद्यालयमा आधारित क्लवको चल अचल सम्पत्तिहरु सम्बन्धित विद्यालयमा र समुदायमा आधारित बालक्लव/समूहहरुको सम्पत्ति गाउँपालिकाको नाममा स्वतः आउनेछ ।

**२०. मान्यता प्राप्त वा सम्बन्धन प्राप्ती :**



CamScanner

## ३. बालक्लवको संचालन प्रक्रिया :

मोहन्याल गाउँपालिका भरिका विभिन्न खाले बाल क्लव/समुहको व्यवस्थित रुपले संचालनका लागी यो निर्देशिका जारी गरिएको छ । जस अनुसार बालबालिकाहरुले आफ्नो कार्यक्षेत्र, समुदाय एव् विद्यालयहरुमा निम्नानुसारका बालक्लवहरु गठन गरी परिचालित हुन सक्नेछन् ।

क) ६ वर्ष देखि ११ वर्ष उमेरका वालबालिकाको लागी खेल समुह तथा पुर्व बाल क्लव ।

ख) १२ देखि १८ वर्ष उमेरका वालबालिकाको लागी बालक्लव वा बाल संजाल ।

### ३.१ बाल क्लव/समुहको संरचना सम्वन्धि व्यवस्था :

क) ६ देखि ११ वर्ष उमेरका समुहका बालबालिकाहरुले आफुभन्दा ठूला दाजूदिदिहरु, आफ्ना अभिभावक, संरक्षक एव् सहयोगीहरुको सहयोगमा कम्तिमा ७ जना वा सो भन्दा माथि सदस्यहरु रहने गरी बाल क्लव/समुह गठन गर्ने छन् । यस्ता समुहहरु खेल समुहको रुपमा तथा बाल क्लवको रुपमा परिचालित हुन सक्ने छन् ।
ख)१२ वर्ष देखि १८ वर्ष उमेर समूहका बालबालिकाहरु कम्तिमा ७ जनाको कार्य समिति सहित कम्तिमा १३ जना वा सो भन्दा बढीमा आवश्यकता अनुसारको सदस्य संख्यामा बाल क्लव गठन गरी परिचालित हुन सक्ने छन् ।

ग) सवै बालक्लव /समुहहरुलाई गाउँपालिका स्तरिय संजालमा आवद्ध गराउनका लागी प्रोत्साहन गरिनेछ ।

## ४.कार्यक्षेत्र :

बालक्लवको कार्यक्षेत्र समुदाय र विद्यालय रहनेछ । अन्य क्षेत्रको आवश्यकता भएमा गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

## ५. बालक्लवको निम्न उद्देश्य हुन सक्ने छन् ।

५.१ स्थानिय स्तरमा बालअधिकारको संरक्षण र सम्वर्द्धनका लागी सचेतना अभिवृद्धि गर्ने ।

५.२ शैक्षिक गतिविधि एव् अतिरिक्त क्रियाकलापका लागी विद्यालय प्रशासन तथा अभिभावकसँग समन्वय गर्ने ।



CamScanner

८.६ साधरण सभामा उपस्थित हुनको लागी सम्पुर्ण सदस्यहरुलाई कम्तिमा ७ दिन अगावै सूचना दिनुपर्नेछ ।

८.७ साधारण सभाको वैधानिक संचालनका लागी कुल सदस्य संख्याको कम्तिमा एक तिहाई उपस्थित हुनु पर्नेछ । यदि गणपुरक संख्या प्रर्याप्त हुन नसकेर स्थगन गरिएको बैठक सोही विषय उपर छलफल तथा निर्णय गर्नका लागी स्थापित भएको मितिले ७ दिन सम्ममा पुन: बस्न सक्नेछ । यस पुन: बस्ने बैठकका लागी जेजती सदस्यहरु उपस्थित छन् त्यसैलाई गणपुरक संख्या मानि बैठक सुचारु रुपमा अगाडी बढ्न सक्नेछ ।

८.८ साधारण सभामा उपस्थित पदाधिकारीहरु तथा सदस्यहरुको उपस्थितिको छलफलको विषयसूची र विषयसूची अनुसार छलफल गरिएको निणर्यलाई निर्णय पुस्तिका (माइन्युट) लेखेर राखिने छ । यसको प्रमाणीकरणका लागी सभाको सभापति सचिव र कम्तिमा एक जना साधारण सदस्यले हस्ताक्षर गरेको हुनुपर्नेछ ।

८.९ प्रत्येक साधारण सदस्यलाई मतदानको अधिकार हुनेछ ।

## ९. कार्यसमितिको गठन विधि तथा पदावधी :

९.१ साधारण सभाले प्रत्येक एक वर्षमा आफ्ना सदस्यहरुबाट अध्यक्ष-१, उपाध्यक्ष-१, सचिव-१, सहसचिव-१, कोषाध्यक्ष-१ र बाकी  सदस्यहरुहरुको समावेशिताको आधारमा निर्वाचन गरी घटीमा ७ र बढीमा १३ जनाको कार्यसमिति गठन गर्नेछ ।

९.२ यसरी गठन भएको कार्यसमितिको पदावधि १ वर्षको हुनेछ ।

९.३ कार्यसमितिका पदाधिकारीहरु पुन: निर्वाचित हुन सक्नेछन् तर १ वर्ष अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्ष पदमा वहाल पदाधिकारी भने सोही पदमा पुन: निर्वाचित हुन सक्ने छैनन् ।

९.४ कम्तिमा ५० प्रतिशत सदस्यहरु बालिका हुनु पर्नेछ । तर विशेष उद्देश्यले गठन भएका बालक्लवहरुको हकमा यो लागू हुने छन । ५० प्रतिशत बालिका नपुगे पनि बाल क्लव कायम नै रहने छ ।

९.५ एउटै समयमा कुनै एक समुहका महत्वपुर्ण पदमा बहाल रहेको पदाधिकारी सो भन्दा माथिल्लो तहको बालमन्च/सन्जालको मुख्य पदमा बहाल रहेको स्वत: तल्लो पद निश्क्रिय



CamScanner

५.३ बालअधिकारको चेतना जगाउने भित्ते पत्रिका, समाचार ,बुलेटिन, पोष्टर, मुखपत्र, पत्रिका जस्ता प्रचार सामग्रीहरु प्रकाशन गर्ने ।

५.४ बालबालिकाको शैक्षिक र जीवनस्तर उकास्ने विभिन्न रचनात्मक क्रियाकलापहरु संचालन गर्ने ।

५.५ बालबालिकासँग सम्बन्धित विभिन्न संघ संस्थासँग सम्बन्ध र समन्वय कायम गरी बालबालिकाहरुको उच्चतम हितमा निरन्तर कार्य गर्ने ।

५.६ बालबालिकाहरुलाई कूलत, दुर्व्यसन, दुर्व्यहार, भेदभाव र खराव आचरणबाट बचाउन प्रयास गर्ने ।

५.७ बालबालिकाहरुको लागी ज्ञानमुलक तथा प्रतिभा प्रस्फुटन, सांस्कृतिक गतिविधि तथा अन्य प्रतियोगितात्मक कार्यक्रमहरु संचालन गर्ने ।

५.८ बालभेला, छलफल, अर्न्तक्रिया र गोष्ठीहरु आयोजना गर्ने ।

५.९ विद्यालय तथा समुदायको विकासमा सदैव जागरुक भई योगदान पुर्‍याउने ।

५.१० विद्यालय बाहिर रहेका बालबालिकाहरुको विद्यालय भर्ना तथा निरन्तरताको लागी आवश्यक अभियान सचालन गर्ने ।

५.११ शैक्षिक संस्थालाई शान्ति क्षेत्र बनाउने विभिन्न गतिविधिहरु संचालन गर्ने ।

५.१२ बाल नेतृत्व विकास बाल स्वास्थ्य सरसफाई सम्वन्धि रचनात्मक कार्यक्रमहरु संचालन गर्ने ।

५.१३ शैक्षिक क्यालेन्डरको प्रभावकारी कार्यान्वयनमा सहयोग पुर्‍याउने ।

५.१४ अपाङ्गता वा अन्य कारणहरुले गर्दा शैक्षिक अवसरबाट बन्चित बालबालिकाहरुको लागी बालमैत्री विद्यालय निर्माणका लागी सहयोग पुर्‍याउने ।

## ६. सदस्यता :

६.१ विद्यालयमा संचालित बालक्लव/समुहकको हकमा विद्यालयमा अध्ययनरत बालबालिकाहरु विद्यालयमा रहुन्जेल मात्र बालक्लव /समुहको सदस्य हुन योग्य हुनेछन् ।



CamScanner

# मोहन्याल गाउँपालिका

# बालक्लव,समुह गठन तथा परिचालन निर्देशिका,२०८०

**१. निर्देशिकाको आवश्यकता तथा महत्व :**

विद्यमान परिस्थितिमा बालअधिकार तथा बालविकासको सम्वन्धमा बालबालिकाको सहभागिताको अधिकार पनि प्राथमिकताको विषय बन्दै गएको छ । बालबालिका आफ्नै संगठित समुहहरु जस्तै:- बालक्लव, बालसमुह, बालस्वावलम्वन समुह, जुनियर रेडक्रस सर्कल, चेतना समुह, बालक्लव नेटवर्क जस्ता समुह/सञ्जालमा आवद्ध भई कार्यक्षेत्र, विद्यालय तथा समुदायमा क्रियाशिल रहदै आएका छन् । बाल समुहको संस्थागत विकास र परिचालन बाल सहभागिता प्रवर्द्धनका एउटा महत्वपुर्ण पक्ष भएता पनि आज यसको सुनिश्चिता सम्बन्धित सबैको लागी चुनौतीको विषय बनेको छ । बालबालिकालाई विना भेदभाव सुरक्षित वातावरणको अनुभव सहित सबैको समान अवसर सिर्जना गर्दै बालसमुहमा आफूलाई संगठित गर्ने अवसरको प्रत्याभुती गर्नु महत्वपुर्ण विषय बनेको छ । बालसहभागिताका यी उत्साहपुर्ण पक्षहरुलाई समन्वय गर्न , एकरुपता दिन र औपचारिकता प्रदान गर्न मोहन्याल गाउँकार्यपालिकाले यो निर्देशिका जारी गरि लागु गरिएको छ ।

**२. उद्देश्य :**

क) बालबालिकाको सहभागितामा गठित बालसंस्थाहरुको संस्थागत विकास र निरन्तरता एवं दिगोपनको सुनिश्चितता गर्ने ।

ख) बालक्लव/समुह परिचालनमा आएका दोहोरोपन हटाई एकरुपता ल्याउने र समन्वय विकास गर्ने

ग) बालक्लवहरुलाई श्रोतको परिचालन एवं सहयोगका सम्भाव्यताहरुको सुनिश्चितता गर्ने ।

**संजाल वा नेटवर्क :** संजाल वा नेटवर्क भन्नाले एउँटा गाउँपालिका वा जिल्ला भित्र रहेका विभिन्न बालक्लवहरुको प्रतिनिधिहरुको सबै क्लवहरुको साझा भलाईका लागी काम गर्न समावेशी सहभागिताको आधारमा गठन गरिएको ७ देखि २१ सदस्यीय समितिलाई सम्झनु पर्दछ ।



प्रमाणित
२०८०।१२।२९
जम्मा पृष्ठ : १४ (चौध)

CamScanner

ख) कार्यसमितिले तोकेको अन्य कामहरु गर्ने ।

**११.३ सचिव :**

क) कार्यसमितिको बैठक बोलाउने र बैठकमा राखिने विषयको बारेमा अग्रिम जानकारी सम्बद्ध सबैलाई दिने ।

ख) बालक्लव/समुहको तर्फबाट पत्राचार गर्ने ।

ग) कार्यसमितिले तोकेको अन्य कार्यहरु गर्ने ।

घ) बालक्लवका सदस्यहरुको सूचना अद्यावधिकरण समूहले गरेको मुख्य मुख्य कामको प्रगति प्रतिवेदन तयार गरि अद्यावधिकरण गर्ने, वार्षिक भेलामा गत वर्षका प्रगति एवं आगामी वर्षको योजना तयार गरी छलफल तथा पारितका लागि पेश गर्ने ।

ङ) बैठकको उपस्थिति उठाउने तथा निर्णयहरुको अभिलेख राख्ने ।

**११.४ सह सचिव :**

क) सचिवको अनुपस्थितिमा निजले गरी आएका सम्पुर्ण कार्यहरु गर्ने ।

ख) कार्यसमितिले तोकेको अन्य कार्यहरु गर्ने ।

ग) सचिवको काममा सहयोग गर्ने ।

**११.५ कोषाध्यक्ष :**

क) बालक्लव/समुहको आम्दानी खर्च तथा हर हिसाव रितपूर्वक राख्ने ।

ख) क्लवको सम्पुर्ण नगदि जिन्सीहरुको जिम्मेवारी लिई त्यस सम्वन्धि श्रेस्ता अद्यावधिक राख्ने ।

ग) क्लवको आयव्ययको विवरण कार्यसमिति र साधारण सभामा पेश गर्ने ।

घ ) कार्यसमितिले तोकेको अन्य कार्यहरु गर्ने ।

**११.६ सदस्य :**

क) बालक्लवको बैठकमा नियमित उपस्थित हुने ।



CamScanner

ङ) चन्दा सहयोग तथा बालक्लवबाट कोष संकलनका लागी विभिन्न अभियानबाट संकलित रकम ।

**१४.१ कोष सञ्चालन :**

क) पायक पर्ने कुनै बैंक वा वित्तिय संस्थामा क्लवको खाता खोलिनेछ ।

ख) बैंक खाता अध्यक्ष वा सचिव र कोषध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालिन हुनेछ ।

ग) बैंक खाताको व्यवस्था नहन्जेल सम्म सम्बन्धित गाउँपालिका तथा संरक्षकको सल्लाह बमोजिम गर्नु पर्नेछ ।

**१५. आवद्धता दर्ता र नवीकरण :**

१५.१ कुनै पनि बालक्लवको आफ्नो गतिविधि सञ्चालन गर्नु भन्दा पहिला सम्बन्धित गाउँपालिकामा दर्ता गराउनु पर्नेछ । बाल सहभागिता प्रवर्द्धनका लागी स्थानीय तहको वडाले बालक्लव दर्ता गरी दर्ता भएका बालक्लवहरुको सूची सम्वन्धित गाउँपालिकामा उपलब्ध गराउनु पर्नेछ ।

१५.२ हरेक आर्थिक वर्षमा क्लवलाई सम्बन्धित वडाले नवीकरण गराउनु पर्नेछ । वडाले नवीकरण सूचि गाउँपालिकालाई उप्लव्ध गराउनु पर्नेछ ।

१५.३ दर्ता नवीकरण तथा अन्य शुल्क गाउपालिकाले तोके बमोजिम वा निशुल्क समेत गर्न सक्नेछ ।

१५.४ एक वर्षसम्म पनि नवीकरण नगरेमा बालक्लवको दर्ता स्वत: रद्ध हुनेछ । स्थानीय निकायले कुनै शुल्क लिई वा निशुल्क रुपमा बालक्लव दर्ता एव् नवीकरण गर्न सकिने छ ।

**१६ . लेखापरिक्षण :**

बैंक खाता सञ्चालन गरि कार्यरत बालक्लवहरले क्लवको आय व्ययको हरेक वर्ष लेखापरिक्षण गराउनु पर्नेछ । समुह /क्लव नवीकरणको लागी लेखापरिक्षण प्रतिवेदन आवश्यक पर्नेछ । यस्तो लेखापरिक्षण रजिर्ष्टड लेखापरिक्षक वा माध्यमिक विद्यालयको लेखा विषयको शिक्षकबाट वा बालक्लव समुहले ३ सदस्यीय लेखा परिक्षण समिति गठन गरी सोही समिति मार्फत लेखा परिक्षण गराउन सक्नेछ । उल्लेखित ३ वटा तरिकाहरु मध्येबाट

६ .२ सदस्यमा रहेका बालबालिकाहरु १८ वर्ष उमेर पुरा नहुन्जेल सम्म बालक्लव/समुहका सदस्य रहन सक्नेछन् ।

६.३ बालक्लव/समुहमा निम्न प्रकारका सदस्य रहन सक्नेछन् ।

क) साधारण सदस्य

ख) संस्थापक सदस्य

**७. सदस्यता प्राप्त गर्ने विधि :**

७.१ इच्छुक बालबालिकाले आफ्नो उमेर खुलाई बालक्लव/समुहमा आवद्धताका लागी आवेदन गरे पछि कार्यसमितिले सदस्यता प्रदान गर्न सक्नेछन् ।

७.२ बालक्लव/समुहको सदस्यता लिनको लागी प्रत्येक सदस्यले कार्यसमितिले तोके बमोजिमको प्रवेश शुल्क तिर्नु पर्नेछ वा निशुल्क समेत हुनसक्नेछ ।

७.३ शुल्क लिने नलिने वा कति लिने भन्ने कुरा बालक्लव/समुहको कार्यसमितिले तोके बमोजिम हुनेछ ।

७.४स्थापना कालका सदस्यहरु संस्थापक सदस्य हुनेछन् ।

**८. साधारण सभा :**

८.१ प्रत्येक बालक्लव /समुहको साधारण सभा वर्षको एक पटक बस्नेछ । सम्बन्धित समुहका सबै सदस्यहरु उक्त भेलाका साधारण सभाका सदस्य हुन योग्य हुनेछन् ।

८.२ साधारण सभामा क्लवको गतिविधि समावेश गरी आवश्यक नीति तथा कार्ययोजना तयार गर्ने साथै विगतको कार्यक्रमहरुको बारेमा समेत समिक्षा गरिनेछ ।

८.३ प्रत्येक वर्ष बस्ने साधारण सभाले वार्षिक आय व्यय तथा कार्यक्रम पारित गर्नुका साथै नयाँ कार्यसमिति गठन गर्नेछ ।

८.४ साधारण सभाले अन्य आवश्यक कार्यहरु गर्नेछ ।

८.५ साधारण सभाले कार्यसमितिलाई विषेश सहयोग र सल्लाह दिनेछ ।



CamScanner

# मोहन्याल गाउँपालिका

## ..............वडा नं. कार्यालय

............कैलाली

**सुदूरपश्चिम प्रदेश, नेपाल**

**दर्ता/आवद्धता प्र.प.न..........**

वाल अधिकारको प्रवर्द्धनमा अभिव्यक्त सामूहिक प्रतिबद्धताको सम्मान गर्दै कैलाली जिल्ला मोहन्याल गाउँपालिका .................... वडा नं........... को ..................लाई नेपालको संविधान २०७२, बाल अधिकार सम्बन्धि महासन्धि १९८९ र बालबालिका सम्बन्धि प्रचलित राष्ट्रिय ऐन कानुन अनुसार परिवार, समुदाय र राष्ट्रमा बालअधिकारको स्थिति सुदृढ गर्ने कार्यमा यस बालक्लव/मञ्च/संजालको सक्रिय योगदान रहने अपेक्षा गर्दै यस बालक्लव/मञ्च/संजालको उत्तरोत्तर प्रगतिको लागी शुभकामना व्यक्त गर्दै बालक्लव दर्ता प्रमाण पत्र प्रदान गरिएको छ।

| | | |
|---|---|---|
| ................ | .................... | ............................ |
| तयार पार्ने | वडा सचिव | वडा अध्यक्ष |

# मोहन्याल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
खिमडी, कैलाली
## सुदूरपश्चिम प्रदेश, नेपाल

दर्ता नं. ................................

बाल अधिकारको प्रवर्द्धनमा अभिव्यक्त सामुहिक प्रतिवद्धताको सम्मान गर्दै कैलाली जिल्ला मोहन्याल गाउँपालिकाको ....................................बालक्लव संजाललाई नेपालको संविधान २०७२, बाल अधिकार सम्बन्धि महासन्धि १९८९ र बालबालिका सम्वन्धि प्रचलित राष्ट्रिय ऐन, कानुन अनुसार परिवार, समुदाय र राष्ट्रमा बालअधिकारको स्थिति सुदृढ गर्ने कार्यमा यस बालक्लव/मञ्च/संजालको सक्रिय योगदान रहने अपेक्षा गर्दै यस बालक्लव/मञ्च/संजालको उत्तरोत्तर प्रगतिको लागी शुभकामना व्यक्त गर्दै बालक्लव दर्ता प्रमाण पत्र प्रदान गरिएको छ ।

| ........ | ................................ | ............................ |
| --- | --- | --- |
| तयार पर्ने | प्रमुख प्रशासकीय अधिकृत | गाउँपालिका अध्यक्ष |